**Department of Equity**
270 East State Street
Columbus, Ohio 43215
Phone 614-365-5626
tpollard@columbus.k12.oh.us

*Mission: Each student is highly educated, prepared for leadership and service, and empowered for success as a citizen in a global community.*

# *अभिभावकलाई विद्यार्थीको उपस्थितिका बारेमा एफ ए क्यु (बारम्बार सोधिने प्रश्नहरु)*

### *मैले मेरो बच्चाको अनुपस्थितिका विषयमा किन पत्र पाँए?*

यदि कुनै एउटा विद्यार्थी वैध माफी बिना **लगातार ३० घण्टा** वा वैध माफी बिना एक **महिनामा ४२ घण्टा** वा वैध माफी बिना एक **वर्षमा ७२ घण्टा** अनुपस्थित भएमा ओहायोमा यस विद्यार्थीलाई बानीको दृष्टिमा भ्रष्ट मानिन्छ।

### *स्कूलमा अनुपस्थित हुनलाई कानुनी रूपमा स्वीकार्य कारण केलाई मानिन्छ?*

सामान्यतया, निम्न कानुनी रूपमा स्वीकार्य कारणहरू स्कूलमा अनुपस्थितिलाई कानुनी मानिन्छ, वा माफी प्राप्त अनुपस्थिति मानिन्छ (**अभिभावक वा संरक्षकद्वारा हस्ताक्षरित एउटा नोटको आवश्यकता पर्छ**):

- व्यक्ति बिरामी वा संगरोध (क्वारेन्टाइन्) मा रहेको।
- परिवारको नजिकको वा आफन्त बिरामी वा मृत्यु भएको।
- आपतकालिन वा अन्य कुनै घटना वा परिस्थिति पर्यो भने स्कूलमा अनुपस्थित हुन प्रिन्सिपलहरूको व्यक्तिगत निर्णयले अन्तिम उपाय स्वरूप गरिएको पुर्ति आवश्यक हुन सक्छ।
- धार्मिक बिदा।
- मेडिकल वा डेन्टल एप्पोइन्टमेन्ट (एप्पोइन्टमेन्ट प्रमाणित गर्ने चिकित्सक वा दन्त चिकित्सकबाट लिखित बयानको आवश्यक हुन सक्छ)
- कलेजको भ्रमण- कलेज भ्रमणका कारणले स्कूलमा विद्यार्थीको अनुपस्थिति हुँदा सो कलेज, विश्वविद्यालय वा प्राविधिक कलेजले विद्यार्थीको भ्रमणको मिति र समय प्रमाणीकरण गरिदिन आवश्यक पर्दछ।
- ओहायोको कानून अनुसार निर्दिष्ट कुनै अन्य कारण

### *एउटा अक्षम्य अनुपस्थिति (अन्एक्सक्युस्ड् एब्सेन्स) भनेको के हो?*

प्रमाणीकरण नगरिइएकाका विद्यार्थी अनुपस्थितिहरू- स्कूल कार्यालयले अभिभावकीय माफी नोट, कागजात वा अनुपस्थितिको कारण वा अनुपस्थितिको कारणकालागि सूचना प्राप्त गरेको नभए बोर्ड नीति ५२००.०१ (Board Policy 5200.01) अनुसार माफी योग्य हुँदैन।

### *यदि मेरो बच्चा स्कूलमा अनुपस्थित हुने भयो भने मैले के गर्नुपर्छ?*

अभिभावक र संरक्षकहरूले खबर दिनलाई एटेन्डेन्स हटलाइन्मा प्रत्येक दिन बिहान **०९ :३०** बजे भन्दा अघि सोझै फोन गरेर वा (स्कूल वेबपेजमा अवस्थित) मौखिक समाचार (भ्वइस मेल) पठाएर विद्यार्थी अनुपस्थित भएको (जानकारी) रिपोर्ट गर्न सक्छन्। अभिभावक वा संरक्षकले विद्यार्थी स्कूल फर्केको दुई दिनभित्रमा अभिभावकले हस्ताक्षर गरेको लिखित माफि पत्र स्कूललाई उपलब्ध गराउनु पर्छ। यदि अनुपस्थितिको कुनै रिपोर्ट वा लिखित माफि पत्र प्राप्त भएन भने अनुपस्थितिलाई अक्षम्य अनुपस्थिति (अन्एक्सक्युस्ड् एब्सेन्स) मानिन्छ।

***यदि मैले माफि नोट पठाउन बिर्से/असफल भएँ भने के हुन्छ?***
नीति अनुसार, यदि हामीले **४८ घण्टा भित्रमा** विद्यार्थीको अनुपस्थितिका कारणहरू संकेत गर्ने अभिभावक/संरक्षकद्वारा हस्ताक्षरित नोट प्राप्त गरेनौं भने अनुपस्थितिलाई अक्षम्य अनुपस्थितका रूपमा वर्गीकृत गरिनेछ। सहायताकालागि आफ्ना विद्यार्थीको विद्यालयसंग सम्पर्क गर्नुहोस्।

***यदि विद्यार्थी कक्षामा अनुपस्थित वा ढिलो भएको बारेमा मलाई चिन्ता छ भने म कोसँग कुरा गर्न सक्छु?***
आफ्नो बच्चाको विद्यालयसंग सम्पर्क गर्नुहोस्।

के मेरो ५ वा ६ वर्ष उमेरको किन्डरगार्टन जाने विद्यार्थी ओहायो अनिवार्य हाजिरी कानून अन्तर्गत उपस्थित हुनै पर्ने भित्र पर्छ***?***

हो, पर्छ। एक पटक तपाँईको विद्यार्थी स्कूलमा भर्ना भएपछि अब उता अनिवार्य उपस्थिति लागू हुन्छ। खण्ड ३३२१.१३ (ख) (१) ओहायो परिमार्जित कोड (SECTION 3321.13 (B) (1), OHIO REVISED CODE)

***मेरो बच्चाको पुरानो स्वास्थ्य समस्या छ र ऊ अनुपस्थित हुन आवश्यक छ। यसमा म के गरूँ?***
यदि तपाँईका बच्चाको दीर्घकालीन स्वास्थ्य समस्या जस्तै दम, मधुमेह, छारे रोग वा सिकल सेल एनीमिया (रातो रक्तकोष बांगिएर हँसिया जस्तो हुने रक्तअल्पता) वा अन्य कुनै पनि जीवन-खतरा बनाउने दीर्घकालीन रोगहरू छन् र यिनले स्कूलमा बारम्बार अनुपस्थितिको कारण बनाउँछ भने **सम्भावित विकल्पहरू अन्वेषण गर्न कृपया स्कूल नर्ससँग काम गर्नुहोस्।**

***मेरो बच्चाकलाई कोविड-१९ परीक्षण गर्दा सो रोग लागेको वा कोविड पोजिटिव देखिए मैले के गर्ने?***
यदि तपाँईको बच्चाले कोविड-१९ परीक्षण गर्दा सो रोग लागेको वा कोविड पोजिटिव भएको छ भने कृपया कलम्बस पब्लिक हेल्तका नियम (Columbus Public Health Protocol) को पालना गर्नुहोस्। विद्यालयलाई सूचित गर्नुहोस् ताकि क्वारेन्टाइनमा हुँदा भएका अनुपस्थितिहरू माफी गरियोस।

***के मेरो विद्यार्थी अनुपस्थित हुँदा विद्यालयले मलाई थहा दिनेछ?***
दिन्छ। धेरै प्रयासहरू गरिन्छन् तर ती **तपाँईले विद्यालयलाई प्रदान गर्नुभएको जानकारीको शुद्धता**मा निर्भर हुन्छ। तपाँईलाई तपाँईका विद्यार्थीको अनुपस्थितिका बारेमा **एक स्वचालित कल प्रणाली, शिक्षक टेलिफोन कल, प्रिन्सिपलद्वारा उपस्थिति पत्र र कलहरू र/वा गृह भ्रमणहरू** मार्फत सूचित गरिन्छ।

***मेरो बच्चाको रेकर्डमा भएका अनुपस्थितिहरुसँग म सहमत छैन। मैले कसलाई सम्पर्क गर्नुपर्छ?***
विवादहरु  विद्यालयमै समाधान गरिनु पर्छ। कृपया आफ्नो बच्चाको विद्यालयमा तुरुन्त सम्पर्क गर्नुहोस् र उनको उपस्थिति रेकर्डको बारेमा सोध्नुहोस्।

***दीर्घ अनुपस्थिति (chronic absenteeism) को परिभाषा के हो?***
दीर्घकालीन अनुपस्थिति, प्रत्येक विद्यार्थी सफलता ऐन (एव्री स्टुडेन्ट सक्सिड्स एक्ट) द्वारा परिभाषित गरिए अनुसार, **कुनै पनि कारणले स्कूल वर्षको १० प्रतिशत वा बढी छुटेको** हुनु हो। यसमा माफी गरिएको अनुपस्थिति र माफी नगरिएको अनुपस्थिति, ढिलो उपस्थिति र चाँडै छुट्टि लिएका अनुपस्थितिहरु समावेश छन्।

***अत्यधिक अनुपस्थिति को परिभाषा के हो?***
ओहायो कानूनले एउटा विद्यार्थी "मेडिकल बिनाको माफि वा पब्लिक सकूलबाट वैध माफि बिना बच्चाले **एक विद्यालय महिनामा अड्तीस** वा **बढी घण्टा**, वा **एक स्कूल वर्षमा पैंसठ्ठी वा बढी घण्टा** अनुपस्थित भए"अत्यधिक अनुपस्थितका रूपमा निर्दिष्ट गर्दछ।

***स्कूलमा भ्रष्ट आदतको हुनुको अर्थ के हो?***

ओहायो कानूनले भ्रष्ट आदतको  विद्यार्थीलाई "अनिवार्य विद्यालय उमेरको कुनै पनि बच्चा जो सार्वजनिक स्कूलमा अनुपस्थित हुने वैध माफि बिनै अनुपस्थित छ र उसले एक विद्यालय महिनामा **लगातार तीस वा बढी घन्टा**, **एक स्कूल महिनामा ४२ वा सोभन्दा बढी घन्टा** वा **एक विद्यालय वर्षमा ७२ वा बढी घण्टा** उपस्थित हुनुपर्छ भनी परिभाषित गरेको छ।"

दीर्घकालीन अनुपस्थिति, भ्रश्ट ब्यावहार र अत्यधिक अनुपस्थिति बीच के भिन्नता छ?

| | ***लगातार समय*** | ***प्रत्येक स्कूलको महिना भरिको समय*** | ***प्रत्येक स्कूलको बर्ष भरिको समय*** |
|---|---|---|---|
| ***भ्रश्ट ब्यावहार*** | ***वैध माफि बिना ३० घण्टा सम्म*** | ***वैध माफि बिना ४२ घण्टा सम्म*** | ***वैध माफि बिना ७२ घण्टा सम्म*** |
| अत्यधिक अनुपस्थिति | --- | ***वैध माफि बिना वा माफि सहित ३८ घण्टा सम्म*** | ***वैध माफि बिना वा माफि सहित ६५ घण्टा सम्म*** |
| दीर्घकालीन अनुपस्थिति | -- | --- | ***वैध माफि बिना वा माफि सहित १०%*** |

***मेरो बच्चाको ब्यावहार भ्रश्ट भए के हुन्छ?***

जब एउटा विद्यार्थीको **ब्यावहार भ्रष्ट** हुन्छ निम्न उत्पन्न हुनेछ:

- ट्रिगर अनुपस्थितिको **सात स्कूल दिन** भित्रमा जिल्लाले निम्न कार्य गर्नेछ:
  - अनुपस्थिति हस्तक्षेप टोलीका सदस्यहरूको छनौट गर्नुहोस्; र
  - विद्यार्थीको अभिभावक, संरक्षक, संरक्षक विज्ञापन वा अनुपस्थित हस्तक्षेप टोलीमा अस्थायी संरक्षकको सहभागिता सुरक्षित गर्न तीन अर्थपूर्ण प्रयासहरू पुरा गर्नुहोस्।
- ट्रिगर अनुपस्थितिको **१० क्यालेन्डर दिन** भित्रमा विद्यार्थीलाई छनौट गरिएको अनुपस्थिति हस्तक्षेप टोलीमा नियुक्त गरिनेछ;
- टोलीलाई नियुक्त गरेको **१४ स्कूल दिन** भित्रमा जिल्लाले विद्यार्थीको अनुपस्थिति हस्तक्षेप योजनाको विकास गर्नेछ;
- योजना विकसित भएको **सात क्यालेन्डर दिन** भित्रमा जिल्लाले विद्यार्थीको अभिभावक वा संरक्षकलाई लिखित
  सूचना उपलब्ध गराउन उचित प्रयास गर्नेछ; र
- विद्यार्थीसँग योजनामा भाग लिन र सन्तोषजनक प्रगति गर्न **६० क्यालेन्डर दिनहरू** छन्। यदि विद्यार्थीले अनुपस्थिति हस्तक्षेप टोलीले निर्धारण गरे अनुसार योजनामा भाग लिन सकेन वा सन्तोषजनक प्रगति गर्न

सकेन भने, उपस्थिति अधिकारीले अनुपस्थिति हस्तक्षेप योजना लागू भएको **६१औं दिन** विद्यार्थी विरुद्ध बाल अदालतमा उजुरी दायर गर्नुपर्छ। यदि अनुपस्थिति हस्तक्षेप योजनाको कार्यान्वयन चरणमा कुनै पनि समय विद्यार्थीले वैध माफि बिना एउटा स्कूल महिनामा **लगातार ३० घण्टा** वा **सो भन्दा बढी घण्टा वा ४२ घण्टा वा सो भन्दा बढी घण्टा** अनुपस्थित भएमा, जिल्लाको उपस्थिति अधिकारीले विद्यार्थी विरुद्ध उजुरी दायर गर्नुपर्छ। यदि अनुपस्थिति हस्तक्षेप टोलीले अनुपस्थिति हस्तक्षेप योजनामा विद्यार्थीले पर्याप्त प्रगति गरिरहेको छ भने यो आवश्यकता लागू हुँदैन।

***के मेरो बच्चा अनुपस्थित हुँदा, मेरो बच्चालाई निलम्बन गरिएको बेलामा सहित स्कूलले मेकअप (आपूर्ती) का काम उपलब्ध गराउन आवश्यक छ?***

छा मेकअप (आपूर्ती) का कामहरू अभिभावक वा विद्यार्थीले सकेसम्म चाँडो अनुरोध गर्नुपर्छ। धेरै जसो स्कूलहरूले शिक्षकलाई आपूर्तीका कामहरू घरमा पठाउन सामग्रीहरू जम्मा गर्न अनुमति दिन २४-घण्टा समय अवधि चाहिन्छ।

**म मेरो विद्यार्थीको उपस्थिति रेकर्डको प्रतिलिपि कसरी प्राप्त गर्न सक्छु?**
तपाँईले आफ्नो विद्यार्थीको स्कूल कार्यालय मार्फत उपस्थिति रेकर्डको प्रतिलिपि कुनै पनि समय अनुरोध गर्न सक्नुहुन्छ।

**यदि मेरो विद्यार्थी स्कूलबाट निलम्बनका कारण अनुपस्थित छ भने के हुन्छ?**
यद्यपि निलम्बनहरूलाई माफी नगरिएको अनुपस्थितिहरू मानिन्छ, उनीहरूले ट्र्यान्सी ट्रिगरहरूमा गणना गर्नु हुँदैन किनभने निलम्बनहरूले विद्यालय बाहिर रहनकालागि ***वैध माफि*** लाई प्रतिनिधित्व गर्दछ। निलम्बनहरू अत्यधिक अनुपस्थितिहरूमा गणना गरिन्छ किनभने अत्यधिक अनुपस्थितिको परिभाषाले स्कूलमा छुटेको *वैध माफि* र अवैध *माफि* (अजायज) कारणहरू बीच भेद गर्दैन।

**म मेरो बच्चाको स्कूलबाट चाँढै बिदा (प्रारम्भिक बर्खास्त) को माफि गर्न कसरी सक्छु?**
अभिभावक/संरक्षकले हस्ताक्षर गरि विद्यार्थीलाई स्कूलबाट लाने र अनुपस्थितिलाई सहयोग गर्ने माफी कागजातहरू उपलब्ध गर्ने। मान्य नोट (लेख) बिना स्कूल छोड्ने कुनै पनि विद्यार्थीलाई अमाफी अनुपस्थिति मानिनेछ।

**स्कूल बस ढिलो हुँदा के हुन्छ?**
विद्यार्थी ढिलो भएकोमा जब स्कूल जिम्मेवार हुन्छ भने (एकपटक प्रमाणीकरण गरेपछि) उनीहरूलाई माफी अनुपस्थिति वा ढिलो चिन्ह लगाइनेछ। ती विद्यार्थीहरूले कक्षामा जानकालागि पास प्राप्त गर्न मुख्य (मेन) कार्यालयमा चेक-इन गर्नुपर्छ।

**यातायातको प्रतीक्षा (पर्खाई) अवधिले मेरो बच्चाको उपस्थितिलाई कसरी असर गर्छ?**
जिल्लाले प्रदान गरेको यातायातको समय तालिकामा ढिलाइका कारण अनुपस्थित हुँदा उनीहरूलाई माफी अनुपस्थितिकालागि चिन्ह लगाइनेछ।

**के १८ वर्ष पुगेका विद्यार्थीहरूले आफ्नो अनुपस्थितिलाई माफी लिन सक्छन्?**
कानूनी रूपमा १८ वर्ष पुगेका विद्यार्थीहरूले आफ्ना निम्ति अनुपस्थिति नोटहरू लेख्न सक्छन्।

**के स्कूल वर्षमा म लामो समयकालागि बिदा लिन सक्छु?**
स्कूलको पात्रो (क्यालेन्डर) मा स्कूलको "बिदा" वा बिदाको समय समावेश गरिएको हुन्छ। सम्भव भएसम्म, पारिवारिक बिदाहरू स्कूल बिदाका दिनहरूसँग मिल्नुपर्छ। ओहायो राज्यमा लामो समयकालागि बिदा लिन (अनुपस्थिति हुनु) एउटा स्वीकृत कारण होइन। यदि अनुपस्थिति शैक्षिक उद्देश्यकालागि हो भने; अभिभावक/संरक्षकले विद्यार्थीको स्कूललाई अनुपस्थिति हुनु भन्दा अगावै विद्यार्थीले फेरी स्कूल फर्किनु अघि पूरा गर्नुपर्ने कार्य (असाइनमेन्टहरू) प्राप्त गर्न स्कूललाई सम्पर्क गर्न आवश्यक हुन्छ।